का.जि.प्र.का.द.नं. १००/०५९/६०
९ फागुन २०८०,
बुधबार
21 February 2024,
Wednesday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक ८ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

### वनका कर्मचारीले गरे काठमा भ्रष्टाचार

# सांसदसहित १९ विरुद्ध मुद्दा दायर

**काठ कटान गरी आर्थिक अनियमितता गरेको अभियोगमा लुम्बिनी प्रदेश सभा सदस्य जानकीप्रसाद यादव पनि मुछिएका छन् । राप्रपाका सांसद यादवविरुद्ध अख्तियारले २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दाबी गरेको छ ।**



“कपिलबस्तुको गौतमबुद्ध साझेदारी वनमा आर्थिक वर्ष २०७४/०७५ मा ३७ हजार क्यूफिट काठ काट्ने ठेक्का स्वीकृत गराइ अनधिकृतरुपमा बिक्री गरी अनियमितता गरेको अनुसन्धानबाट खुलेको छ ।

■ **नरहरि घिमिरे**
**प्रवक्ता, अख्तियार**

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

कपिलवस्तुको गौतमबुद्ध साझेदारी वनका कर्मचारीले काठमा भ्रष्टाचार गरेको पाइएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धानले साझेदारी वनको काठ कटान गरी आर्थिक अनियमितता गरेको अभियोगमा मंगलबार जिल्ला वन कार्यालयका वन अधिकृतसहित १९ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । वनका कर्मचारीले ठेकेदारसँग मिलोमतोमा काठमा भ्रष्टाचार गरेको अख्तियारको निष्कर्ष छ । कपिलवस्तुका तत्कालीन वन अधिकृत कृष्णप्रसाद भट्ट, दुर्गाबहादुर कार्की र गौतमबुद्ध साझेदारी वन व्यवस्थापन समिति कार्यान्वयन एकाइका तत्कालीन संयोजक महेन्द्रराज वाग्लेविरुद्ध २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दावी गर्दै विशेष अदालतमा मुद्दा दायर भएको छ ।

सहायक वन अधिकृत बह्मदेव महतो, रेञ्जर हेमराज पण्डित, तत्कालीन सहायक वन अधिकृत शिवशंकर प्रसाद र सहायक वन अधिकृत टोलकराज चापागाईविरुद्ध २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दावी गरिएको छ ।आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार आयोगले सहायक वन अधिकृतहरु लालबाबु झा, गणेशकुमार थारु र नागेन्द्रप्रसाद सिंह राजपुत, फरेष्टर रामरक्षाकुर्मी चौधरी तथा वन रक्षक सञ्जय थारुविरुद्ध २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दावी गरेको छ ।

वन रक्षक रामगोपाल त्रिपाठी, फरेष्टर रमतु चौधरी, वासुदेव गोडियाविरुद्ध २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दावी गरिएको छ । गोरखा मनकामना काष्ठ फर्निचर उद्योगका सञ्चालक एकनाथ घिमिरेविरुद्ध नौ लाख ३९ हजार एक सय ३५ र एआर काठ दाउरा खरिद बिक्री सेन्टरका सञ्चालक गीता जिसीविरुद्ध १९ लाख ७३ हजार ५८ बराबरको बिगो दावी गरिएको छ ।

काठ कटान गरी आर्थिक अनियमितता गरेको अभियोगमा लुम्बिनी प्रदेशसभा सदस्य जानकीप्रसाद यादवविरुद्ध पनि मुछिएका छन् । राप्रपाका सांसद यादवविरुद्ध अख्तियारले २९ लाख १२ हजार एक सय ९३ बराबरको बिगो दावी गरेको छ ।

आयोगका प्रवक्ता घिमिरेका अनुसार 'कपिलबस्तुको गौतमबुद्ध साझेदारी वन मा आर्थिक वर्ष २०७४/०७५ मा ३७ हजार क्यूफिट काठ काट्ने ठेक्का स्वीकृत गराई अनिकृत रुपमा बिक्री गरी अनियमितता गरेको अनुसन्धानबाट खुलेको छ ।'

### प्रहरी नियन्त्रणमा

# कान्तिपुर सहकारीका अध्यक्ष

## ६ अर्ब हिनामिनाको आरोप

**भूमि व्यवस्था मन्त्रालयका अनुसार समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले माग दाबी गर्ने बचतकर्तालाई पैसा फिर्ता गर्छ । कान्तिपुर सहकारी यसअघि नै समस्याग्रस्त घोषणा भइसकेको छ ।**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

प्रहरीले कान्तिपुर सहकारीका अध्यक्ष हिमालयबिक्रम मल्ल ठकुरी पक्राउ परेका छन् । सहकारीमार्फत ठगी गरेको उजुरीका आधारमा पक्राउ परेका ठकुरीमाथि बचतकर्ताको ६ अर्ब हिनामिनाको आरोप छ ।

यसअघि काठमाडौं जिल्ला अदालतले ठकुरीसहित ६ जनाबिरुद्ध पक्राउ पूर्जी जारी गरेको थियो । अन्य पाँच जनालाई पनि प्रहरीले खोजिरहेको प्रहरीले जनाएको छ । गत साता मात्रै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले कान्तिपुर सहकारीलाई समस्याग्रस्त घोषणा गरेको थियो । मन्त्रालयले वचतकर्ता सदस्यको रकम फिर्ता नगरेको तथा नियमविपरीत कार्य गरेको भन्दै कान्तिपुर सहकारीलाई समस्याग्रस्त घोषणा गरेको थियो ।

मन्त्रालयका अनुसार सहकारी विभागका रजिष्ट्रारको सिफारिसका आधारमा कान्तिपुर सहकारीलाई समस्याग्रस्त घोषणा गरिएको हो । साथै,



समस्याग्रस्त सहकारी व्यवस्थापन समितिमा उक्त सहकारीको व्यवस्थापन र दायित्व भुक्तानीसम्बन्धी कार्य गर्न जानकारी पठाइएको थियो । कान्तिपुर सहकारीले वचतकर्ता र सेयर सदस्यको साढे ६ अर्ब रुपैयाँ दुरुपयोग गरेको आरोप छ ।

सहकारी विभागका अनुसार देशभर ३४ हजार ५१२ सहकारी संस्था संचालनमा छन् । ती संस्थाहरुमा ३ खर्ब २ अर्ब बचत संकलन भएको छ भने २ खर्ब ७३ अर्ब ऋण प्रवाह गरिएको छ ।

एउटै स्थानीय तहमा कार्य गरिरहेकाको स्थानीय निकाय, दुई वा त्यसभन्दा बढी स्थानीय तहको कार्यक्षेत्र भएका सहकारीलाई प्रदेश सरकार, दुईभन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएकाको विभागले निगमन गर्नेगरी व्यवस्था गरिएको छ । ५० करोडभन्दा बढी बचत गरेका सहकारीहरुको विभागले समेत नियमन गर्ने गरेको छ ।

मन्त्रालयका अनुसार समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले माग दावी गर्ने

>>> पृष्ठ २ मा



धादिङको मलेखु क्षेत्रमा खेतको गरामा त्रिपाल ओछ्याएर निन्द्रा मेटाउँदै गरेका मिटरब्याज पीडितहरु ।
तस्बिर: शंकर श्रेष्ठ/रासस

# काठमाडौंमा मिटरब्याज र लघुवित्त पीडितहरु

**यसअघि सरकारले मिटरब्याज पीडितसँग सम्झौता गरी त्यसअनुसार कानून नै बनाएको थियो । आयोग बनेर काम हुँदा समेत आयोगको सिफारिस र कानून अनुसार काम नभएको भन्दै मिटरब्याज र लघुवित्त पीडितहरुले मार्च पास गरेका हुन् ।**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ८ फागुन ।

मिटरब्याज र लघुवित्त पीडितहरुको न्याय मार्चको टोलीले काठमाडौंमा मार्च पास गरेको छ । नेपालका विभिन्न क्षेत्रबाट पैदल काठमाडौं आइपुगेका मिटरब्याज र लघुवित्त पीडितहरुले मंगलबार काठमाडौंको रिङरोडमा मार्च पास गरे ।

लघुवित्त तथा वित्तीय शोषणविरुद्धको संघर्ष समिति नेपालको ब्यानरमा लघुवित्त तथा वित्तीय शोषणविरुद्धमा काठमाडौंमा मार्च पास भएको हो । यसअगाडि उनीहरु नेपालका विभिन्न क्षेत्रबाट पैदलै काठमाडौं आएका थिए । पीडितहरुले लघुवित्त र वित्तीय संस्था खारेज गर, सामूहिक ऋण मिनाहा

>>> पृष्ठ २ मा

### माग पूरा नभएसम्म घर नफर्किने अडान

काठमाडौंमा रहेका मिटरब्याज र लघुवित्त पीडितहरुले माग पूरा नभएसम्म घर नफर्किने बताएका छन् । लत्ताकपडासहित आएका उनीहरु सरकारसँग निर्णायक वार्ता चाहेको बताइरहेका छन् ।

मिटरब्याज र लघुवित्तले जग्गा-जमिन लिलाम गर्ने अवस्था आएकाले न्याय माग्न काठमाडौं आएको उनीहरुको भनाइ छ ।

तीन वर्षदेखि सरकारले आश्वासन दिए पनि माग पूरा नगरेको पीडितहरूको गुनासो छ ।

गत चैतमा पैदल यात्रा गर्दै काठमाडौं आएर पीडितहरुले धर्ना दिएपछि सरकारले विशेष अदालतका अध्यक्ष गौरीबहादुर कार्कीको अध्यक्षतामा मिटरब्याज पीडित

>>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# सामाखुसीका व्यवसायीलाई घरधनीको साथ

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ फागुन

सामाखुसी क्षेत्रमा कार्यालय स्थापना गरेका वैदेशिक रोजगार व्यवसायीलाई घरधनीहरुले साथ दिएका छन् । काठमाडौं महानगरपालिकाको ७ दिनभित्र कार्यालय हटाउनुपर्ने उर्दीपछि भएको म्यानपावर व्यवसायी र घरधनीहरुबीचको छलफलमा घरधनीहरुले म्यानपावर कम्पनीहरुले घर छोड्नुपर्ने पक्षमा आफूहरु नरहेकाले ट्राफिक व्यवस्थापन गरेर पूर्ववतरुपमा कार्यालय सञ्चालन गर्न आग्रह गरेको विस्डम ह्युमेन रिसोर्स प्रा.लि.का सञ्चालक भेष केसीले जानकारी दिए ।

महानगरपालिकाले ७ दिनभित्र कलकारखानासहित म्यानपावर कम्पनीका कार्यालय आवासीय क्षेत्र बाहिर सार्न माइकिङ गरेपछि वैदेशिक रोजगार व्यवसायी एकता समितिले वडाध्यक्षलगायतसग महानगरपालिकाले गरेको माइकिङका सम्बन्धमा छलफल गरेको थियो । छलफलमा वडाध्यक्ष ख्यामराज तिवारीले म्यानपावर कम्पनीको कार्यालय राख्न नदिने वा दिने भन्ने कानूनमा स्पष्ट नभएको, तर आवासीय क्षेत्र छुट्याइएको अवस्थामा आवासीय क्षेत्रमा मापदण्डअनुसार हुनुपर्ने मध्यमार्गी धारणा सार्वजनिक गरेका थिए ।

व्यवसायी केसीले महानगरपालिको उर्दीपछि पहिलेदेखि नै कार्यालय सार्ने योजना बनाएका बाहेक उर्दीकै कारणले कुनै पनि म्यानपावर कम्पनी नसरेको जानकारी दिए । व्यवसायीहरुले कार्यालय सार्न वैदेशिक रोजगार विभागको अनुमतिसहित अन्य कानूनी प्रक्रिया पूरा गर्नुपर्ने भएकाले महानगरपालिकाले भन्नेबित्तिकै कार्यालय सार्न नसकिने बताएका छन् ।

काठमाडौं महानगरले माइकिङ गर्दै उक्त क्षेत्रमा सञ्चालनमा रहेका म्यानपावर कम्पनीसहित उद्योगहरु ७ दिनभित्र स्थानान्तरण गर्न निर्देशन दिँदै ७ दिनको अवधिमा स्थानान्तरण नगरेमा कानूनी कारबाही गर्ने बताएको थियो ।

>>> पृष्ठ २ मा

### वैदेशिक रोजगारका नाममा ठग्ने दुई पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि पोर्चुगललगायतका देश पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले भोजपुरको रामप्रसादराई गाउँपालिका वडा नं.३ घर भइ हाल काठमाडौंको काडाँघारी बस्ने विजय राईलाई पक्राउ गरेको हो ।

उनले मिन बहादुर थापासमेतलाई वैदेशिक रोजगारीका लागि पोर्चुगल, दुबई, साउदी अरब र रोमानिया पठाइदिने आश्वासन दिएर त्यसका लागि प्रतिव्यक्ति ९ लाख रुपैयाँ लाग्ने बताएर ६ लाख ८८ हजार रुपैयाँ लिइ सम्पर्कविहीन भएको प्रहरीले बताएको छ ।

राईले थापालाई विश्वास दिलाउन एमटी ओभरसिज नामको कम्पनीमा लगेर रकम लिएका थिए । त्यसपछि राईले थापालाई दुबईको भिसा लागेको भनि विमानस्थलमा बोलाएर टिकट रद्द भएको बताएर सम्पर्कविहीन भएका

>>> पृष्ठ २ मा

### कोरिया भाषा परीक्षा सकिन ११ महिना लाग्ने

**काठमाडौं/रासस–** ईपीएस कोरिया शाखाले शुरु गरेको कोरियन भाषा परीक्षा आगामी २०८१ पुस २ गते सकिने भएको छ । सोमबार पहिलो चरणअन्तर्गत शुरु भएको उक्त परीक्षामा ४७ हजार पाँच सय १९ जना सहभागी हुने र परीक्षा आउँदो चैत २४ गते सकिने ईपीएस कोरिया शाखाका निर्देशक मैयाँ कँडेलले जानकारी दिइन् । उनका अनुसार दोस्रो चरणमा ७९ हजार नौ सय ३७ जनाको परीक्षा लिइने र उक्त परीक्षा आउँदो २०८१ को वैशाख ३१ गतेदेखि साउन १६ गतेसम्म सञ्चालन हुने छ ।

यसैगरी तेस्रो चरणको परीक्षामा ३६ हजार एक सय ७९ जना परीक्षार्थी सहभागी हुने तथा उक्त परीक्षा २०८१

>>> पृष्ठ २ मा

# सामाजिक सञ्जाल दर्ता गर्न ताकेता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ फागुन ।

सामाजिक सञ्जाल दर्ताका लागि सरकारले सम्बन्धित कम्पनीहरुलाई ताकेता गरेको छ ।

मंगलबार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नेपालमा सञ्चालनमा भइरहेका कम्पनीलाई दर्ताको लागि ताकेता गरेको हो ।

नेपालमा भित्र सञ्चालन भरहेको सामाजिक सञ्जाल कम्पनी फेसबुक, युट्युव, टिकटक, ट्वीटर लगायतलाई दर्ताको लागि सरकारले आग्रह गरेको हो ।

मन्त्रिपरिषद्को गत कार्तिक २३ गतेको बैठकले 'सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका, २०८०' स्वीकृत गरेको थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले निर्देशिका बमोजिम सामाजिक सञ्जाल कम्पनीहरूलाई तीन महिनाभित्र दर्ता हुन भनेपनि कुनै कम्पनी दर्ताको लागि आएका छैनन् ।

मसिंर १५ गते मन्त्रालयले तीन महिना भित्र दर्ताको लागि समय दिएको थियो

>>> पृष्ठ २ मा






मध्यान्ह
www.madhyanhadaily.com
९ फागुन २०८०, बुधबार
21 February 2024, Wednesday

# जहाज कुर्दै सुनथराली विमानस्थल

**कमल कुमाल/मध्यान्ह**
कालिकोट, ८ फागुन

कर्णाली प्रदेश कालिकोट जिल्ला नरहरिनाथ गाउँपालिकामा रहेको सुनथराली विमानस्थल एकादेशको कथा जस्तै बनेको छ। ३८ वर्षदेखि निर्माणाधीन अवस्थामा रहेको कालिकोटको सुनथराली विमानस्थलको निर्माण २०७९ साल माघ ११ गते सकिएपनि अहिलेसम्म उडान हुन सकेको छैन्। विमानस्थलमा पटक-पटक उडान गर्ने भनेर समय तोकिएपनि नत संस्कृति नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयले नै ध्यान दिएको छ, न त सांसद,जनप्रतिनिधिहरुले नै।



पहिलो पटक गत भदौ १३ गते कालिकोट विमानस्थलमा उडान हुने भनेर व्यापकप्रचार गरियो, तर विडम्बना फेरि स्थगित गरी असोज १३ गते समय निर्धारण गरियो। असोज १३ गते जहाज आउने भनेपछि बिहानदेखि दिनभर आकाशमा जहाज कतिखेर आउँछ भनेर बाटो हेरिरहेका स्थानीयले जहाज र जहाजमा आउने मान्छेहरूलाई लगाउन भनेर माला समेत तयार गरेका थिए। तर निर्माण सम्पन्न भएको वर्ष बित्दा पनि जहाज भने आएन।

कर्णाली आफैंमा विकट छ। यहाँको गरिबी, अशिक्षा, बेरोजगारी र विकासका पूर्वाधारको अभावमा गुज्रिरहेको छ। अब त जहाज आउँछ कि आउँदैन भन्ने कुराको पनि टुंगो छैन। कालीकोटकोबाट निर्वाचित सांसदहरुले सुनथरालीमा पटक-पटक जहाज आउँछ भन्ने हल्ला मात्रै भएको सुनाए। सरकारबाटै जनतालाई भ्रममा पार्ने काम भएको नागरिकको गुनासो छ।

# माछा संरक्षण गर्दै ऐरावती गाउँपालिका




**राजेश जीसी/मध्यान्ह**
प्यूठान, ८ फागुन

ऐरावती गाउँपालिकाले माछा संरक्षण गर्न थालेको छ। पालिकाले झिमरुक जलाधार अन्तर्गत झिमरुक नदीमा माछा संरक्षणमा जुटेको हो। नदीमा विनाशकारी ढंगले नदीमा विष तथा करेन्ट लगाएर माछा मार्न थालेपछि जलिय जैविक विविधतालाई संरक्षण गर्न थालेको छ। पानी परियोजनाले पालिकालाई नदी हस्तान्तरण गरेपछि अहिले पालिका आफैं माछा संरक्षणमा लागेको हो। समुदायस्तरमा समुह गठन गरेर माछा संरक्षण गर्न थालिएको छ। जसले गर्दा झिमरुक जलाधार क्षेत्रमा माछाको संख्या बढेको छ। पालिकाभित्र बम, विष र करेन्ट लगाएर माछा मार्ने कार्यलाई रोक लगाइएको छ। माछा संरक्षण गर्न थालिएपछि समुहमा आबद्ध सदस्यको आयआर्जनमा वृद्धि भएको ऐरावती गाउँपालिकाका अध्यक्ष नविल विक्रम शाहले बताए। '३ वर्षसम्म पानी परियोजनाले यस जलाधार क्षेत्रमा काम गर्‍यो। पालिकाले स्थानीयलाई नदीखण्ड हस्तान्तरण गरेपछि समुह संरक्षणमा लागेको छ' उनले भने,'अहिले नदीमा लोपोन्मुख अवस्थामा पुगेको माछा भेटिएका छन्।'

माछा संरक्षण हुन थालेपछि संरक्षण समुहका सदस्यहरुले माछा मारेर आम्दानी समेत गर्न थालेका छन्। गाउँपालिकाले झिमरुक नदीमा रहेका जलीय प्राणीहरुको संरक्षण गर्न भन्दै स्थानीयलाई १० वर्षका लागि नदीखण्ड हस्तान्तरण गरेको छ। झिमरुक नदी क्षेत्रमा पर्ने रकासा रह सामुदायिक जलिय जैविक विविधता संरक्षण समूह र बाङ्गेरह सामुदायिक जलिय जैविक विविधता संरक्षण समूहलाई गाउँपालिकाले १० वर्षका लागि नदीखण्ड हस्तान्तरण गरेको हो। गाउँपालिकाले स्थानीय जलचर संरक्षण ऐन बनाएर नदी खण्डको दिगो व्यवस्थापन तथा उपयोगका लागि स्थानीयलाई जिम्मेवारी दिइएको अध्यक्ष शाहले बताए। माछा संरक्षण गर्न तथा समुहमा आवद्ध सदस्यलाई प्रोत्साहन गर्न पालिकाले यस वर्ष बजेट विनियोजन गरेको छ। जसबाट माछा संरक्षरण गर्न प्रोत्साहन मिल्ने अध्यक्ष शाहले बताए।

अहिले नदीका २० प्रजातीका माछाहरु भेटिन थालेको बाङ्गेरह जलिय जैविक विविधता संरक्षण समूहका सचिव यज्ञ बहादुर केसीले बताए। 'पहिला बम, विष र करेन्ट लगाएर माछा मार्ने प्रवृति थियो, तर अहिले हामी समुदाय नै संरक्षणमा लागेका छौं, बम, विष र करेन्ट लगाउने कम भएको छ' उनले भने,'रातको समयमा लुकीछिपी करेन्ट लगाउने गरेका कारण केही समस्या भएको छ।'

लुकीछिपी करेन्ट लगाउँदा संरक्षणमा चुनौती

नदीमा लुकीछिपी बम, विष र करेन्ट लगाउने गरेका कारण संरक्षणमा चुनौती थपिएको छ। बरौंला तथा अर्घाखाचीबाट रातको समयमा आएर करेन्ट लगाएर माछा मार्ने गरेका छन्। बस्ती नभएको क्षेत्रमा पुगेर करेन्ट लगाउने गरेको पाइएको बाङ्गेरह जलिय जैविक विविधता संरक्षण समूहका सचिव यज्ञ बहादुर केसीले बताए। 'रातको समयमा आएर करेन्ट लगाएर माछा मार्ने गरेका कारण संरक्षणमा चुनौती बढेको छ' उनले भने,'सूचना पछिमात्र आउँछ कसरी कारबाही गर्ने ?' समुहले संरक्षण गर्दै हिँड्ने राती करेन्ट लगाएर माछा मार्ने प्रवृतिले समस्या उत्पन्न भएको केसीले बताए।

प्रजनन् हव निर्माण गरिने

पालिकाले यी दुई संरक्षण स्थानलाई माछाको प्रजनन् केन्द्रको रुपमा विकास गर्ने योजनाका साथ अगाडि बढेको ऐरावती गाउँपालिका वडा नं. १ का अध्यक्ष अमर रेश्मीले बताए। 'अहिलेको आवश्यकता भनेको यी दुई क्षेत्रलाई प्रजनन् केन्द्रको रुपमा विकास गर्नु हो' उनले भने,'यसका लागि पालिकाले बजेट विनियोजन गरेको छ, अब कार्यान्वयन हुन्छ।'

# आधारभूत स्वास्थ्य सेवा जनताको घरदैलोमा पुर्‍याउने प्रतिबद्धता



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ८ फागुन

अर्घाखाँचीको मालारानी मरेङ्ग स्वास्थ्य चौकीको प्रयोगशाला सेवा शुभारम्भ भएको छ।

मालारानी गाउँपालिकाले स्वास्थ्य सेवा विस्तार गर्ने कार्यक्रम अन्तर्गत प्रयोगशाला सेवा प्रारम्भ गरिएको हो। प्रयोगशाला सेवा शुभारम्भ गर्दै मालारानी गाउँपालिका अध्यक्ष दलबहादुर भट्टराईले आधारभूत स्वास्थ्य सेवा जनताको घरदैलोमा पुर्‍याउन गाउँपालिका प्रतिबद्ध रहेको बताए।

कार्यक्रममा मालारानी गाउँपालिका उपाध्यक्ष दिपा पोखेलले पालिकाबासीलाई सहज स्वास्थ्य सेवा दिनको पालिका निरन्तर लागि रहेको बताइन्।

कार्यक्रममा पूर्व अध्यक्ष बालकृष्ण आचार्यले पालिका स्वास्थ्य सेवामा ल्याव शुरु गरेर सकारात्मक काम गरेको बताए।

कार्यक्रममा नि. प्रमुख प्रशासकीय अधिकृत रमेश पन्थी, स्वास्थ्य कार्यालय अर्घाखाँचीका प्रमुख शिव नेपाली, जिसस सदस्य सीता आचार्य, वडा नं. २ का वडाअध्यक्ष योगेन्द्रनाथ भुसाल, कार्यपालिका सदस्यहरू लिलबहादुर वि.क., मिना खड्का क्षेत्री, नर्सिङ अधिकृत पुतला खनाल, वडा सदस्यहरू, राजनीतिक दलका प्रमुख/प्रतिनिधि, सामाजिक व्यक्तित्व, शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका लगायतको उपस्थिति रहेको थियो। यस स्वास्थ्य चौकीमा विगत वर्षदेखि २४ घण्टे प्रसुति सेवा, निःशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालन भइरहेको छ। यस प्रयोगशाला सेवाले मालारानी गाउँपालिका वडा नं. १, २ का पुरै र ३ को केही भाग, छत्रदेव गाउँपालिका वडा नं. ८ को केही क्षेत्रका जनताहरू यस सेवाबाट लाभान्वित हुनेछन्। मालारानी गाउँपालिकाले यस पूर्व हंसपुर स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विगत ५ वर्षदेखि सञ्चालन गरिरहेको छ। यससँगै मालारानी गाउँपालिकाका २ वटा स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा सञ्चालन भएको छ। कार्यक्रममा मरेङ्ग स्वास्थ्य चौकी व्यवस्थापन समितिका अध्यक्ष/वडाअध्यक्ष दधिराम आचार्यको अध्यक्षता, मालारानी स्वास्थ्य शाखा प्रमुख भविश्वर खनालले सञ्चालन, वडा सचिव नारायण न्यौपानेले स्वागत मन्तव्य रहेका थिए।

कार्यक्रममा स्वास्थ्य चौकी ईन्चार्ज मदन आचार्यले संस्थाको गतिविधि/प्रगति विवरण पेश गरेका थिए भने ल्याव प्राविधिक अस्मिता वि.क.ले प्रयोगशालाबाट प्रदान गर्ने सेवाको बारे जानकारी गराएकी थिइन्।

# लुम्बिनी प्रदेशका पहिलो मुस्लिम पाइलटलाई सम्मान



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ८ फागुन

लुम्बिनी प्रदेशका पहिलो मुस्लिम कमर्सियल पाइलट फैज अहमद शाहलाई कृष्णनगर नगरपालिकाको वडा नं.३ ले स्वागत गरि दोसल्ला ओढाएर सम्मान गरेको छ। शाह लुम्बिनी प्रदेशको पहिलो मुस्लिम कामर्सियल पाइलट हुन्।

शाह बाल्यकाल देखि नै पढाईमा निकै मिहिनेत गर्दै आएका थिए। अल्पसंख्यक मुस्लिम समुदाय व्यापार व्यवसाय तथा राजनीतिकमा मात्रै तल्लिन हुन्छन् भन्ने कुरालाई चिर्दै शाह लुम्बिनी प्रदेशमै एक उदाहरण बनेका कृष्णानगर नगरपालिका वडा नं. ३ का अध्यक्ष सगीर अहमद खांले बताए।

शाहले फ्लाइट ट्रेनिङ स्कूल दक्षिण अफ्रिकाबाट निजी पाइलट उडानको लाइसेन्स लिएर एशियन इन्स्टिच्युट अफ एभिएसन फिलिपिन्सबाट कामर्सियल पाइलटको लाइसेन्स प्राप्त गरेका छन्।

कृष्णनगर नगरपालिका वडा नं.३ निवासी शाह राजनीतिक परिवारका भएता पनि शुरुदेखि आफ्नो पढाई तिर ध्यान लगाई मिहिनेतले कृष्णनगर नगरपालिका तथा लुम्बिनी प्रदेशकै नाम चर्चामा ल्याउनुका साथै लुम्बिनी प्रदेशका विद्यार्थीहरुको मनोबल बढाएको कैफ अहमद, एहतेशाम (केके खां) इमरान, इन्जिनियर फरहान अहमद खां लगायतले बताए।

सम्मान कार्यक्रममा कृष्णानगर नपाका स्वास्थ्य संयोजक शंकर भट्टराई, वडा सचिव आलोक कुमार मिश्रा, योजना शाखा प्रमुख राजेश मिश्रा, वडा सदस्य ज्योति कोरी,पुजारी लाल बढाई, दुखरा कोहार,मोमिना खातुन, कम्प्यूटर आपरेटर दीप कुमार कोहार, अब्दुल्ला खां लगायतहरुको उपस्थिति थियो।

## प्रहरी...

बचतकर्तालाई पैसा फिर्ता गर्छ। सहकारी ऐन, २०७४ को दफा १०४ ले सरकारले समस्याग्रस्त घोषणा गरेका सहकारीका सञ्चालक समिति खारेज गरी सहकारी ऐनअनुसार ती सहकारीको व्यवस्थापन गर्ने अधिकार समितिलाई दिएको छ।

सहकारी ऐन २०७४ मा सहकारी विभागका रजिस्ट्रारको सिफारिसमा भूमि, सहकारी तथा गरीबी निवारण मन्त्रालयले सहकारीलाई समस्याग्रस्त घोषणा गर्न सक्ने व्यवस्था छ। त्यसपछि समितिले संस्थाको सम्पत्ति तथा दायित्व खोजबिन गरी फरफारक गर्ने प्रावधान ऐनमा छ।

यही व्यवस्थाअनुसार संघीय सरकारले २९ पुस २०७४ मा 'समस्याग्रस्त सहकारी व्यवस्थापन समिति गठन' गरेको थियो। समस्याग्रस्त सहकारीको अध्ययन गर्न सरकारले गठन गरेको गौरीबहादुर कार्की नेतृत्वको आयोगले व्यवस्थापन समिति बनाएर मात्रै सहकारीको समस्या समाधान गर्न सुझाव दिएको थियो। उक्त सुझावअनुसार सहकारी ऐनमा नै समिति गठनको प्रावधान राखिएको थियो।

## काठमाडौंमा...

गर, समाजवादी अर्थतन्त्रको विकास गर, कालोसूची तथा धितो लिलाम फुकुवा गर, आम गरिब किसानलाई निःशुल्क ऋणको व्यवस्था गर लगायतका नौ बुँदे माग राखेका छन्।

## माग...

जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले प्रतिवेदन बुझाए पनि सरकारले अझैसम्म न्याय नदिएको उनीहरुको गुनासो छ।

आयोगले आठ महिना लगाएर तयार पारेको प्रतिवेदन कार्यान्वयनमा सरकारले अलमल गरेको उनीहरुको आरोप छ। आयोगको प्रतिवेदन अनुसार उजुरी फर्स्योट गर्नुको साटो फेरि अभिलेख संकलनमा लागेको पनि उनीहरुको गुनासो छ। कार्कीको नेतृत्वमा गठित तीन सदस्यीय आयोगले ८ महिनामा २८ हजार निवेदन संकलन गरेको थियो। सबैभन्दा बढी मधेशका ८ जिल्लामा २१ हजार ५ सय उजुरी परेका थिए। देशभर ५ हजार निवेदनमा मिलापत्र भएको सरकारको दाबी छ।

मिटरब्याज पीडितहरुको माग सम्बोधनका लागि गठित उक्त जाँचबुझ आयोग आयोगले गरेको सिफारिस र कानुनअनुसार काम नभएको भन्दै मिटरब्याजहरु र लघुवित्त पीडितहरुले मार्च देशका बिभिन्न क्षेत्रबाट काठमाडौंसम्म मार्च पास गरेका हुन्।

## सामाखुसीका...

तर त्यसपछि महानगरपालिकाबाट थप कुनै निर्देशन आएको छैन। व्यवसायी केसीले वैदेशिक रोजगार व्यवसायीहरुबीच पार्किङको समस्यालाई समाधान हुने गरी पार्किङ तथा अन्तर्वार्ताका गतिविधि सञ्चालन गर्ने सहमति भएको र सोही अनुसार पार्किङ र अन्तर्वार्ताको कामहरु भइरहेको बताए।

## वैदेशिक...

थिए। त्यसैगरी प्रहरीले वैदेशिक रोजगारको नाममा ठगी गरेको आरोपमा धादिङको सिद्धलेक गाउँपालिकाका घर भइ हाल काठमाडौं चन्द्रागिरि नगरपालिका बस्ने श्रीराम पण्डितलाई पनि पक्राउ गरेको छ। पण्डितले श्रीराम अधिकारीलाई वैदेशिक रोजगारीका लागि माल्टा पठाइदिने भन्दै पटक-पटक गरी एक लाख रुपैयाँ लिएको प्रहरीले बताएको छ। प्रहरीले थप अनुसन्धान तथा कारबाहीको लागि दुवै जनालाई वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ।

## कोरिया...

कात्तिक २६ गतेदेखि शुरु भएर २०८१ पुस २ गतेसम्म सञ्चालन हुने भएको छ। सन् २०२३ का लागि कोरियाको उत्पादनमूलक क्षेत्रतर्फ एक लाख ६३ हजार ६ सय ३५ जनाले आवेदन दिएको ईपीएस कोरिया शाखाले जनाएको छ।

राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैँसेपाटीमा परीक्षा शुरु भइसकेको र उक्त परीक्षाका लागि एक दिनमा पाँच वटा सिफ्ट तयार गरी दिनमा एक हजार जनाले परीक्षा दिन थालेको ईपीएस कोरिया शाखाका निर्देशक कँडेलले जानकारी दिइन्। उनले भनिन्, 'पहिलो सिफ्टमा करिब ४७ हजार पाँच सय १९ जनाले कोरियन भाषा परीक्षा दिनेछन्, शनिबार पनि परीक्षा लिने गरी व्यवस्था मिलाएका छौं, तीन चरणमा सञ्चालन हुने उक्त परीक्षा आगामी २०८१ पुस २ गते सकिन्छ।'

परीक्षाको अघिल्लो दिन आफ्नो सिफटअनुसार ईपीएस शाखा, कार्यालय ग्वार्कोमा बायोमेट्रिक रजिस्ट्रेसन फिङ्गरप्रिन्ट दर्ताका लागि उपस्थित भइ परीक्षाको दिन परीक्षा केन्द्र भैँसेपाटीमा बायोमेट्रिक भेरिफाइ हुने ईपीएस कोरिया शाखाका शाखा अधिकृत कमल श्रेष्ठले जानकारी दिए।

परीक्षा समयभन्दा एक घण्टाअघि परीक्षा हलमा परामर्श शुरु हुने र निर्धारित समयमा उपस्थित नभएमा परीक्षामा सहभागी नगराइने निर्देशक कँडेलले बताइन्। उनका अनुसार उक्त परीक्षामा मोबाइल फोन, स्मार्ट वाचलगायतका कुनै पनि विद्युतीय सञ्चारका साधन लैजान निषेध गरिएको छ।

यसैगरी परीक्षामा चिट, कपी गरेको तथा अरु अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गर्नुका साथै चार वर्षसम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिएको ईपीएस कार्यालयले जनाएको छ।

## सामाजिक...

तर समय सकिन एक साता मात्र बाँकी हुदाँ समेत कुनै पनि कम्पनीले दर्ताको लागि आएका छैनन्।

मन्त्रालयले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने सम्बन्धी निर्देशिका अनुसार दर्ता प्रक्रियामा नआए बन्द गर्ने चेतावनी दिएको छ।

संचार मन्त्रालयका सहसचिव एवं प्रवक्ता नेत्रप्रसाद सुवेदीका अनुसार नेपालमा सञ्चालित कुनै पनि सामाजिक सञ्जाल दर्ता प्रक्रियामा आएका छैनन्। उनी भन्छन्, 'दर्ताका लागि कुनै पनि निवेदन आएको छैन। आउँदे नआए निर्देशिकामै नेपाल सरकारले बन्द गर्न सक्नेछ भनिएको छ। त्यस अनुसार सरकारले निर्णय गर्न सक्छ।'

# प्यारालाइसिस बिरामीको उद्धार



**तिलोचन गौतम/मध्यान्ह**
काठमाडौं, ८ फागुन

मलेसियाको पेनाङ्गमा रहेको एक सेक्युरिटी गार्ड कम्पनीमा काम गर्दै आइरहेका बर्दिया १ बर्दियाका ४० वर्षीय शिव प्रकाश थारुलाई जनउद्धार केन्द्र मलेसियाले उद्धार गरि स्वदेश फर्काएको छ।

अवैधानिक रुपमा काम गर्दै आएका थारु

प्यारालाइस लागेर तीन महिनादेखि बिरामी थिए। साथमा कागजात नभएको कारण अस्पताल भर्ना गरेर उपचार गराउन सम्भव नभएपछि केन्द्रले र नेपाली दूतावासको सम्मन्वयमा हिमालय एअरलाइन्समार्फत बिहीबार बिहान स्वदेश फर्काएको जनउद्धार केन्द्र मलेसियाका अध्यक्ष केशु थापाले जानकारी दिए।

थारुलाई जनउद्धार केन्द्रका कोषाध्यक्ष विरस पुनले विमानस्थलसम्म पुर्‍याएर २ जना साथीहरूको साथ लगाएर नेपाल पठाएका थिए।

थारुलाई जनउद्धार केन्द्रका संरक्षक तथा वरिष्ठ हास्य कलाकार मनोज गजुरेलले त्रिभुवन विमानस्थलमा पुगेर आफन्तको जिम्मा लगाएका थिए। प्यारालाइसिस बिरामी थारु अहिले आफन्तहरुको सहयोगमा वीर अस्पताल भर्ना भइ उपचाररत छन्।

# १९ देशका सैनिक सम्मिलित 'अभ्यास शान्ति प्रयास' शुरु




**काठमाडौं/मस**-शान्ति स्थापना सम्बन्धी बहुराष्ट्रिय अभ्यास शान्ति प्रयासको चौथो संस्करण शुरु भएको छ। मंगलबार जंगी अड्डा अगाडिको खेल मैदानमा आयोजित एक विशेष समारोहकाबीच प्रधानमन्त्री पुष्पकमल दाहालले पानसमा बत्ती बालेर शुभारम्भ गरेका हुन्।

अभ्यास आगामी फागुन २१ गतेसम्म श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र, पाँचखालमा सञ्चालन हुनेछ। अभ्यास शान्ति प्रयास-४ संयुक्त राज्य अमेरिकी सरकारको ग्लोब पिस अपरेसन ईनिसिएटिभ (जीपीओआई) को सहयोगमा नेपाली सेना र संयुक्त राज्य अमेरिकी सेनाको सहकार्यमा आयोजना हुन लागेको हो।

नेपाल समेत १९ देशका ११२५ जनाको सहभागिता रहने अभ्यासको समुद्घाटनसँगै समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सहभागी राष्ट्रहरूलाई अभ्यासमा सहभागिताको लागि धन्यवाद व्यक्त गर्दै संयुक्त राष्ट्रसंघका शान्ति स्थापना प्रयासहरूमा देखाएको समर्पण र प्रतिबद्धताको प्रशंसा गरे। उनले संयुक्त राष्ट्रसंघलाई शान्ति सैनिक र प्रहरी उपलब्ध गराउने देशहरूमा नेपाल अहिले शीर्ष स्थानमा रहेको र आवश्यक परेमा १० हजारसम्म फौज उपलब्ध गराउन प्रतिबद्ध रहेको बताए।

प्रधान सेनापति प्रभुराम शर्माले नेपालले सन् २००२, सन् २०१३ र सन् २०१७ मा यस अभ्यासका तीन वटा संस्करणहरू सञ्चालन गरिसकेको बताए। उनले संयुक्त राष्ट्रसंघको कार्यादेश अनुरूप विश्वका विभिन्न द्वन्द्वग्रस्त क्षेत्रहरूमा शान्ति स्थापनार्थ खटिँदा शान्ति सैनिकहरूबिच एक आपसमा पारस्परिक सम्बन्ध तथा व्यावसायिकता अभिवृद्धि अभ्यास फलदायी हुने विश्वास व्यक्त गरे।

अभ्यासमा बंगलादेश, फिँजी, घाना, इन्डोनेसिया, मलेसिया, मङ्गोलिया, नेपाल, श्रीलङ्का, थाइल्यान्ड, उरुग्वे, संयुक्त राज्य अमेरिका, अस्ट्रेलिया, क्यानडा, भारत, नाइजेरिया, पाकिस्तान, फिलिपिन्स, दक्षिण कोरिया, भियतनामका सैनिकहरू सहभागी छन्।

# रकम हिनामिना भएको भन्दै अभिभावकद्वारा विद्यालयमा तालाबन्दी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ फागुन

सरकारले वर्षेनी शिक्षाको सुधारको लागि अर्बौं रुपैयाँ लगानी गर्ने गरेको छ।

तर पनि रौतहटमा शिक्षाको अवस्था भने सुधार हुनुको सट्टा दिन प्रतिदिन खस्किँदै गएको छ।

शिक्षाको अवस्था सुधार नहुँदा सरकारले शिक्षामा गर्ने गरेको अरबौं लगानी बालुवामा पानी हालेझैं हुने गरेको छ।

रौतहटको बृन्दावन नगरपालिका-२,बेनौलीमा रहेको एतबरिया देवी सीता साह प्राथमिक विद्यालयमा सरकारले गरेको लगानी बालुवामा पानी हाले जस्तो भएको छ।



कक्षा पाँचसम्म पढाइ हुने यस विद्यालयमा जम्मा एउटा कक्षा कोठा मात्र रहेको छ। यस विद्यालयमा १ सय पचास भन्दा बढी विद्यार्थी अध्यनरत रहेको भएपनि मुस्किलले १० देखि १५ जना विद्यार्थी मात्र पढ्न आउने गरेका छन्।

सञ्चारकर्मीको एक टोली विद्यालयमा पुग्दा कक्षा एक र दुईको गरी १० जना तथा तीन चार र पाँच कक्षाको गरी ८ जना मात्र विद्यार्थी उपस्थित रहेको भेटिएको छ।

विद्यार्थीको उपस्थिति संख्या एकदमै न्यून मात्रामा रहेकोले यस विद्यालयमा पढाई राम्रो नहुने गरेको र यो विद्यालय झोले रहेको पुष्टि हुन्छ। प्रधानाध्यापक, एक बालविकास शिक्षिका र दुई जना शिक्षक रहेपनि प्रधानाध्यापक कहिले काहीँ विद्यालयमा मात्र आउने गरेको पाइएको छ भने दुई जना शिक्षकको भरमा विद्यालय सञ्चालन हुँदै आएको छ। बालविकास शिक्षिका राधा कुमारी साह प्रधानाध्यापक हरेन्द्र साहकी श्रीमती हुन्।

शिक्षिका राधा साह प्रअ साहको श्रीमती रहेको कारण उनी पनि कहिलेकाही मात्र विद्यालय आउने गरेकी छन्। साह महिनामा दुई तीन दिन मात्र विद्यालय आउने गरेको र हाजिरी रजिस्ट्रारमा एक महिनाको हाजिरी बनाउने गरेको स्थानीयहरुको आरोप छ।

कक्षा कोठाको अभावमा एउटा कक्षा कोठामा कक्षा एकदेखि पाँचसम्मका विद्यार्थीलाई राखेर पढाउनुपर्ने बाध्यता छ। विद्यालयमा बेन्च डेस्कको नाममा चार वटा बेन्च डेस्क मात्र रहेको पाइएको छ। ठाउँको अभावमा विद्यार्थीहरु खुला आकाशमुनि भुँइमा बोरा ओछ्याएर पढ्न बाध्य छन्।

सो विद्यालयमा भएको शौचालय पनि फोहोरले प्रयोग विहीन अवस्थामा रहेको छ भने विद्यालयमा कम्पाउण्ड वाल र विद्यालयको बोर्ड समेत नरहेको पाइएको छ। विद्यालयको शौचालय सञ्चालन अवस्थामा नहुँदा विद्यार्थीहरु खुल्ला आकाशमा शौच गर्ने गरेका छन्।

विद्यालयका प्रधानाध्यापक हरेन्द्र साह विद्यालयलाई कमाउ खाने भाडो बनाएको तथा आफ्ना निजी सम्पत्ति जस्तो कब्जा गरेको र पढाइको अवस्था एकदमै कमजोर बनाएको कारण अभिभावकहरुले एतबरिया प्रावीमा मंगलबार तालाबन्दी गरेका छन्।

प्रधानाध्यापक साहले विद्यालयको आर्थिक र प्रशासनिक रकम हिनामिना गरेको, विगत चार वर्षदेखि विद्यालयको हिसाब किताब न दिएको, हिसाब किताब माग्दा अटेरी गरेको र आफ्नै मन लाग्दी तरिकाले विद्यालय सञ्चालन गर्दै आएको कारण बाध्य भएर स्थानीय र अभिभावकहरुले सो विद्यालयमा तालाबन्दी गरेका छन्।

प्रधानाध्यापक साहले यस विद्यालयका बालबालिकालाई चार वर्षदेखि दिवा खाजा नखुवाई दिवा खाजाको रकम हिनामिना गरेको, चार वर्षदेखि विद्यार्थीलाई छात्रवृत्ति र विद्यालय पोसाक न दिएको अभिभावकहरुको आरोप छ।

प्रधानाध्यापक साहले विद्यालय व्यवस्थापन समितिसमेत विघटन गरी विद्यालयमा विद्यार्थीहरुको लागि आउने अनुदान रकम व्यापक हिनामिना गरेको सो हिसाब आफुहरु माग्दा हिसाब दिन अटेरी गर्ने गरेको स्थानीयहरुले बताए।

२०७४ सालमा यस विद्यालयको स्थापना गर्न स्थानीय सीता साहको श्रीमती एतबरिया देवीले आफ्ना करोडौं मूल्यको दश कट्ठा जग्गा विद्यालयको नाममा निःशुल्क दान गरेकी थिइन्।

जग्गा दाता एतबरिया देवी स्थापना कालदेखि २०७८ सालसम्म यस विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष रहेकी थिइन्। समितिको अध्यक्ष एतबरिया देवी हुँदा आर्थिक रकम हिनामिना गर्न न पाउँदा प्रधानाध्यापक साहले दुई वर्ष अघि बिना कुनै सूचना समिति नै विघटन गरेका थिए। समिति विघटन भएपछि प्रधानाध्यापक साहले बिगत दुई वर्षदेखि आफ्ना मनोमानी तरिकाले विद्यालय सञ्चालन गर्दै आएको स्थानीयहरुको भनाइ छ।

दिवा खाजा, छात्रवृत्ति,विद्यालय पोशाक लगाएतका शीर्षकमा प्रधानाध्यापक साहले ब्यापाक हिनामिना गरेको हुनाले सो रकम पार्दशी गर्नुपर्ने माग राख्दै आफुहरु विद्यालयमा अनिश्चितकालिन तालाबन्दी गरेको अभिभावकहरुले बताएका छन्। आफुहरुको माग सम्बोधन नभई बल जबरजस्ती ताल्चा खोल्ने कसैले कुचेष्टा गरे परिणाम न राम्रो हुने अभिभावक र स्थानीयहरुले चेतावनी दिएका छन्।

यस विषयमा प्रधानाध्यापक हरिन्द्र साहसंग प्रतिक्रिया लिदा दिवा खाजा, छात्रवृत्ति, विद्यालय पोसाक लगाएतको रकममा आफू कुनै प्रकारको हिनामिना न गरेको बताएका छन्। २०८० साल वैशाखसम्म दिवा खाजा खुवाएको र स्थानीयहरुले अवरोध गरेका कारण गत जेठदेखि दिवा खाजा खुवाउन नसकेको प्रअ साहले बताए।

व्यवस्थापन समितिको अध्यक्ष एतबरिया देवी हुँदा विद्यालय सञ्चालन गर्न सरकारले उपलब्ध गराउने अनुदान रकमनै दिन आलटाल गर्ने गरेको कारण समिति विघटन गर्नुपरेको उनले बताए।

शिक्षकहरुको तलब भुक्तानीका लागि आउने रकम शिक्षकहरुलाई नै नदिन अध्यक्ष एतबरिया देवीले आलटाल गर्दा शिक्षकहरुको तलब दिन समस्या हुने गरेको कारण बाध्य भएर समिति विघटन गर्नुपरेको उनले बताए।

केही स्थानीयहरुको उक्साहटमा एतबरिया देवीले आफुमाथी विभिन्न आरोप लगाई आफुलाई बदनाम गर्न खोजेको उनले बताए। सो विद्यालय जसरी भएनी बन्द होस् भन्ने चाहनेहरुले अनावश्यक हस्तक्षेप गरेको कारण यस विद्यालयमा आउने अनुदान रकम रोकिएको कारण विद्यालयको पूर्वाधारदेखि अन्य समग्र अवस्था सुधार गर्न नसकिएको उनले बताए।

## लमजुङ सेवा समाज कतारको अधिवेशन २३ फेब्रुअरीमा

**कतार/मस-** लमजुङ सेवा समाज कतारको १५औं अधिवेशन २३ फेब्रुअरी २०२४ शुक्रबारका दिन हुने भएको छ। अधिवेशन पेरिस हाइपर मार्केट नजिकै फूलबारी रेस्टुरेन्टको हल, सनैया अलत्तियामा बिहान ११ बजेदेखि हुने आयोजकले जनाएको छ।

अधिवेशनका साथै सोही दिन नेपालमा रहेका सहयोगापेक्षीहरुका लागि कपडा संकलन कार्यक्रम पनि रहेकाले कार्यक्रममा उपस्थित हुँदा स्वेच्छिक रुपले आफूसँग भएका प्रयोग नगरिएका नयाँ तथा प्रयोग गरिएका तर नच्यातिएका र उपयोग गर्न योग्य कपडा लिएर उपस्थित हुन सबैलाई आग्रह गरिएको छ।

## भुल सुधार

मिति २०८०/११/०७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित शिर्षक यूएईमा रोजगार कम्पनीको नाम : **SOLV ADVANCED TECHNICAL SERVICES LLC** पूर्व स्वीकृत मिति: **२०८०/११/०६**, चलानी नं.: **६०२१५१४६**, र LT. No.: 300232 को विज्ञापनमा कामदारको पद **Cleaner** पुरुष २०० र महिला ५० हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

SHRC सपोर्ट ह्युमन रिसोर्सेज प्रा. लि.
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४१११२६

**Vacancy Annoucement**

One of the reputed recruitment agency is seeking for following applicants.

General Manager : 1 (Male)
Office Secretary : 1 (Female)
Documentation Officer : 2 (Male/Female)

SALARY Negotiable

**Requirements:**
Minimum 3 Years experienced in the related fields.

*Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at sunlight2007hrpltd@gmail.com*
Prority will be given for manpower Experienced.

Lic No. 689/063/064
**SUNLIGHT HUMAN RESOURCES PVT. LTD.**
सामाखुसी-०३, काठमाडौं, फोन: ४९८४८३२, ४९८४८३३ । मोबाइल नं: ९८०२३४१५८१, ९८१०३६८५८५

## Bheri Hospital
### Nepalgunj, Banke

**Invitation for Bids**

**Date of Publication:- 2080/11/09**

1. Bheri Hospital Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

| S N | Contract ID. No | Description of Work | Estimated Amount (Without Vat, Contingency And PS) NRs. | Bid Security Amount (NRs) | Bidding Document Fee (NRs) | Bid Validity /Bid Security validity period | Last Date and Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | BHERI/ NCB/ W04/ 080/81 | Construction of Pre fab structure on top of MASIKA Building (ANNEX A) | 5162668.10 | 1,45,000.00 | 3000.00 | 90 days/ 120 days from the last date of bid submission | 2080/12/09 BS 12:00 Noon | 2080/12/09 BS) 2:00 PM Bheri Office |

2. Account No. for Bid document Purchase

| Bank | Office Name | Revenue Account Number | Revenue number | Office Code |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Ko.le.ni.ka (Bheri Aspataal) | 1000100200010000 | 14229 | 370005702 |

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO)

**Office Head**

## कोहलपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना संसोधन गरिएको सम्बन्धमा**

**प्रकाशित मिति २०८०/११/०९**

**यस कार्यालयबाट मिति २०८०/११/०१ गते प्रकाशित कोहलपुर नगरपालिका भित्र कवाडी मालसामान, जडीबुटी बिक्री वितरण तथा उपयोगमा लाग्ने कर संकलनका लागि दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचनामा दरभाउपत्रदाता उज्वल निर्माण सेवा कोहलपुर-११ बाँकेको कबोल अंक रु १९,३५,०००। (उन्नाइस लाख पैत्तिस हजार मात्र) हुनुपर्नेमा अन्यथा हुन गएकाले दरभाउपत्र स्वीकृतिको आशयको प्रकाशित नतिजामा कोही कसैको दाबी विरोध भएमा यो सूचना प्रकाशन भएको ७ (सात) दिन भित्र निवेदन पेश गर्न हुन यसै सूचनाद्धारा सुचित गरिन्छ।**

**प्रमुख प्रशासकीय अधिकृत**

## विनयी त्रिवेणी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी, बर्दघाट सुस्ता पुर्व
गण्डकी प्रदेश, नेपाल
स्था : २०७३

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रथम पटक प्रकाशन मितिः २०८०/११/०९**

यस कार्यालयबाट मिति २०८०/०९/२६ गते तपसिल बमोजिम कार्यको लागि आवहान ठेक्कामा तपसिल बमोजिमको बोलपत्र दाताको कबोल अंक सारभूत रुपमा प्रभावग्राही भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि प्रकाशन गरिएको छ ।

| सि.न. | बोलपत्र न. | आयोजनाको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.क. र प्रोभिजनल सम सहित ) |
|---|---|---|---|---|
| 1 | 32/BTRM/NCB/ Works/2080-081 | Construction of Rigid Pavement for Dumkibas Jogikuti Thulotaadi Sadak and Thulotadi thulo Ghol Dekhi Baguan Sadak Istarunnati | Omkar Builders,Gokarneshwor, Municipality, Jorpati, Kathamndu | 48,86,966.87 NPR |
| 2 | 33/BTRM/NCB/ Works/2080-081 | Jyamire Chok Dekhi Tallo Jyamire Sadak Istarunnati | Neupane Multipurpose Pvt.Ltd., Kawasoti -02, Sayapatri Tole, Nawalparasi East | 42,74,534.80 NPR |
| 3 | 34/BTRM/NCB/ Works/2080-081 | Construction of vaccine storage room and cold chain management with Engineering lab Building | Neupane Multipurpose, Bharatpur -09, Chitawan | 10,03,916.97 NPR |

**प्रमुख प्रशासकीय अधिकृत**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१ फागुन २०८०, बुधबार
21 February 2024, Wednesday

## सम्पादकीय

# महासमितिले गर्नुपर्ने निर्णय

संसद्को सवैभन्दा ठूलो दल नेपाली कांग्रेसको सोमबारदेखि ललितपुरको गोदावरीमा महासमिति बैठक चलिरहेको छ । बैठकमा उपसभापति पूर्णबहादुर खड्काको नीति प्रतिवेदन, महामन्त्री विश्वप्रकाश शर्माको राजनीतिक प्रतिवेदन, अर्का महामन्त्री गगन थापाको सांगठानिक प्रतिवेदन र नेता डा.प्रकाशशरण महतको आर्थिक प्रतिवेदन पेश भएको छ । यी मध्ये महामन्त्री थापाको प्रतिवेदनलाई राष्ट्रिय राजनीतिमा चासोका साथ हेरिएको छ । किनकि उनको प्रतिवेदनमा सभापति शेरबहादुर देउवाकै असहमति थियो । जसकारण महासमिति बैठकमा पेश हुने प्रतिवेदन नै समयमा तयार हुन सकेको थिएन । सभापति देउवाले आगामी चुनावमा कांग्रेसले कसैसँग गठबन्धन नगर्ने महामन्त्री थापाको प्रस्तावमा असहमति जनाएका थिए । महासमिति बैठक उद्घाटन गर्ने क्रममै सभापति देउवाले आगामी चुनावमा गठबन्धन गर्ने वा नगर्ने भन्ने कुरा तत्कालीन परिस्थितिमा भर पर्ने अभिव्यक्ति दिएका थिए ।

तर महामन्त्री थापा आफ्नो प्रस्तावबाट पछि हटेनन् । महासमिति बैठक उद्घाटन गरेर साँझ काठमाडौं फर्किएपछि देउवा निवास बुढानिलकण्ठमा राति अवेरसम्मै यो विषयमा पदाधिकारीहरूको छलफल चलेको थियो । त्यो छलफलमा पनि महामन्त्री थापाले आफ्नो अडान छाडेनन् । अन्ततः सभापति देउवा महामन्त्री थापाको प्रस्ताव अगाडि बढाउन सहमत भए । मंगलबार गोदावरी हलमा थापाले कांग्रेसले आउने चुनावमा रूख चिन्हमा कार्यकर्ताले मत हाल्न पाउने सुनिश्चितता गरेर जाने प्रस्ताव हलमा प्रस्तुत गरे । यो प्रस्ताव जस्ताको त्यस्तै अनुमोदन हुनेमा भने अझै सशंय छ । किनकि सभापति देउवाले सत्ता गठबन्धनलाई अप्ठ्यारो पार्नेगरी महासमितिबाट कुनै निर्णय गराउन चाहेका छैनन् । त्यसैले तत्कालीन परिस्थिति हेरेर निर्णय लिनुपर्ने तर्क गरेका छन् ।

सभापति देउवाले कांग्रेस एक्लै चुनाव लड्ने प्रस्तावसँग डराएर महामन्त्री थापासँग प्रतिवाद गरेको हुनसक्ने तर्क कमजोर छ । किनकि गत वर्ष बाहेकका हरेक चुनाव कांग्रेस एक्लैले लडेर जित्ने वा हार्ने गरेको छ । अझ कम्युनिष्टहरूसँग मिलेर चुनाव लड्ने प्रस्ताव कांग्रेसमा सजिलो कुरा होइन । तर सभापति देउवाले अडान लिनुमा उनको सत्ता आकांक्षा लुक्दैन । किनकि अहिलेको सत्ता गठबन्धनमा आलोपालो प्रधानमन्त्री बन्ने सहमति छ र देउवाको पालो अन्तिममा आउँछ । त्यसैले अहिले कांग्रेस एक्लै चुनाव लड्ने प्रस्ताव पारित गरेर गठबन्धनका अरू दलभित्र अविश्वास सिर्जना गर्ने पक्षमा देउवा नरहेको प्रष्ट हुन्छ । जबकी यो महासमिति बैठकले मुलुक र जनताको पक्षमा कुनै प्रलोभनमा नपरी निर्णय लिनुपर्ने हो । आशा गरौं, अझैपनि समय छ । प्रतिनिधिहरूले यसतर्फ ध्यान दिनु उचित हुनेछ ।

## तपाईंको राशिफल

- मेष : आवश्यक वस्तु गुम हुनसक्छ । सबै कार्य धैर्यतासित गर्नुहोला ।
- वृष : घरेलु जिम्मेवारीमा वृद्धि हुनेछ । प्रियजनसँग भेट हुनेछ ।
- मिथुन : भौतिक वस्तुमा वृद्धि हुनेछ । अर्कामाथि भरोसा नगर्नुहोला ।
- कर्कट : आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ ।
- सिंह : सामाजिक जीवन प्रभावशाली रहनेछ । यात्राको लागि समय उत्तम छ ।
- कन्या : मनोबल उच्च रहनेछ । नयाँ अनुबन्ध प्राप्त हुनेछ ।
- तुला : आहारमा ध्यान दिनुपर्ला । सकारात्मक सोच राख्नुपर्छ ।
- वृश्चिक : आनन्दित रहने योग छ । जीवनसाथीको सहयोग प्राप्त हुनेछ ।
- धनु : शुभ समाचार प्राप्त हुनेछ । नयाँ कार्यहरूमा सावधानी राख्नुपर्छ ।
- मकर : धर्मपालनामा रुचि देखिन्छ । आय बढ्ने योग छ ।
- कुम्भ : लामो यात्राको योग छ । नयाँ काम बन्नेछ ।
- मीन : नयाँ कार्यमा सावधानी राख्नुहोला । यश बढ्ने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# लोकतन्त्र र मानव अधिकार

*'व्यवस्था परिवर्तन भयो, तर अवस्था परिवर्तन भएन' भनेर सुँगा रटाइ गरेको पनि केही देशक भइसक्यो । राणा शासनलाई पञ्चायतले गाली, पञ्चायतलाई बहुदलले गाली र बहुदललाई गणतन्त्रले गाली गरेको परिदृश्य नौलो रहेन । इतिहासको पुनरावृत्ति गर्दै यतिबेला गणतन्त्रलाई पनि गाली गर्ने अभ्यास हुन थालेको छ ।*

अग्रलेख



● डा टीकाराम पोखरेल



नेपालमा प्रजातन्त्रको स्थापना भएको सात दशक नाघिसक्यो । प्रजातन्त्रको पुनर्स्थापना भएकै झण्डै चार दशक हुन लागिसक्यो । प्रजातन्त्रलाई लोकतन्त्र र गणतन्त्रको लेपन लगाएको पनि दुई दशक हुन लाग्यो । नयाँ संविधान जारी भएको पनि दशक पुग्नै लाग्यो । अभ्यासका दृष्टिले अन्य देशको तुलनामा नेपालमा सबैभन्दा बढी विभिन्न प्रकारका प्रजातन्त्रका अभ्यासहरू भएका छन् । अधिकारका लागि आन्दोलन भए, द्वन्द्व भए, हिंसा गरिए, सम्झौता गरिए । पटकपटक व्यवस्था फेरिए, संविधान फेरिए । जे जति राजनीतिक परिवर्तन भए, जे जति व्यवस्था फेरिए, जे जति संविधान बने, ती सबै जनताको नाममा भए । तर जनताको नाममा भएका परिवर्तनले जनताको जीवनशैलीमा भने अपेक्षाकृत परिवर्तन ल्याएन ।

प्रजातान्त्रिक इतिहासको सात दशकमा सातवटा संविधान जारी भए । छोटो अवधिमा धेरै संविधानको अभ्यास गर्ने मुलुकको सूचीमा नेपाल पर्‍यो । छिटो-छिटो राजनीतिक व्यवस्था परिवर्तन गर्ने देशको सूचीमा पनि विश्वका अन्य मूलुकलाई नेपाललाई उछिन्यो । राणा शासन, पञ्चायती व्यवस्था, बहुदल काल र गणतन्त्रको अभ्यास एउटै मान्छेले आफ्नै जीवनकालमा देख्न र भोग्न पाए । सम्भवतः एउटै मान्छेले जीवनकालमा यति धेरै व्यवस्था देख्न भोग्न पाउनु पनि दुर्लभ नै हो । थोरै भाग्यमानी मान्छेले मात्र यस्तो दुर्लभ दृश्य देख्न पाउँछन् । नेपालमा पछिल्लो समय प्रजातन्त्रलाई लोकतन्त्र भन्न थालिएको छ । लोकतन्त्र प्रजातन्त्रकै उन्नतरूप हो । तर, शब्दमा परिवर्तन गरेर मात्र उन्नत प्रजातन्त्र हुँदैन । उन्नत हुन त व्यवस्था जनतासँग जोडिनुपर्छ । जनताका अपेक्षाको सम्बोधन हुनुपर्छ । जनताको लागि, जनताद्वारा, जनताको शासन भनिने प्रजातन्त्र उन्नत त्यतिबेला हुन्छ जब जनताले शासनसत्तामा अपनत्वको अनुभूति गर्छन् ।

देशको जनसंख्याको सबैभन्दा सानो हिस्सा मात्र राजनीतिमा सक्रिय छ । जो राजनीतिमा सक्रिय छ, उसले आफ्नो राजनीति गर्ने अधिकार सुनिश्चित हुनुलाई अधिकारको सुनिश्चित ठान्ला तर, सम्पूर्ण जनसंख्याको ठूलो हिस्सा राजनीतिक अधिकारको अलावा आर्थिक अधिकारको पर्खाइमा छ । आम जनताको अपेक्षा भनेको आधारभूतरूपमा गास, बास, कपासदेखि शिक्षा, स्वास्थ्य, रोजगारीलगायतका हुन्छन् । जीवनयापन गर्न विदेश जानु नपरोस्, बिरामी हुँदा उपचार पाइयोस्, आफ्ना छोराछोरीलाई राम्ररी शिक्षा दिन सकियोस्, दुई छाक टार्न कुनै कठिनाई नहोस्, देशमा सुशासन होस्, भ्रष्टाचारको अन्त्य होस्, विधिको शासन कायम होस्, विकास निर्माणले तीव्रता पाओस् । कसैप्रति अन्याय नहोस्, अन्याय भैहालेमा न्याय प्राप्त होस् । समाजमा शान्ति सुरक्षा कायम होस् । नागरिकका गुनासा राज्यले सुनुवाइ गरोस् । सेवा प्रवाह छिटोछरितो होस् । जनताका यस्तै अत्यन्त न्यूनतम् अपेक्षा न छन् । जो हरेक व्यक्तिले नागरिकको रूपमा प्राप्त गर्नुपर्ने अधिकार हुन् । तर बहस देशमा गास, बास, कपासको भन्दा नागरिक तथा राजनीतिक अधिकारको छ । जनताको ठूलो हिस्साको अपेक्षा चाहिँ आर्थिक अधिकारको सुनिश्चितता होस् भन्ने छ । 'व्यवस्था परिवर्तन भयो तर, अवस्था परिवर्तन भएन' भनेर सुँगा रटाइ गरेको पनि केही देशक भैसक्यो । राणा शासनलाई पञ्चायतले गाली, पञ्चायतलाई बहुदलले गाली र बहुदललाई गणतन्त्रले गाली गरेको परिदृश्य नौलो रहेन । इतिहासको पुनरावृत्ति गर्दै यतिबेला गणतन्त्रलाई पनि गाली गर्ने अभ्यास हुन थालेको छ । राजनीतिक दलहरूमा झाँगिएको अरुले जतिसुकै राम्रो काम गरे पनि गाली गर्ने र आफूले जस्तोसुकै काम गरे पनि ताली नै चाहिने मनोवृत्तिको शिकार वर्तमान राजनीति भएको छ ।

प्रजातन्त्र सर्वस्वीकार्य व्यवस्था नभए पनि तुलनात्मकरूपमा बहुस्वीकार्य व्यवस्था अवश्य हो । तर, प्रजातन्त्रका नाममा गरिएका अप्रजातान्त्रिक क्रियाकलापले लोकतन्त्रलाई आलोच्य बनाइरहेको छ । राजा महेन्द्रले पञ्चायती व्यवस्थाको औचित्य पुष्टि गर्न दलीय स्वार्थको पासा फालेका थिए । दलीय स्वार्थले देश धरापमा परेको कारण दलमाथि प्रतिबन्ध लगाउनु परेको र देशको माटो सुहाउँदो निर्दलीय व्यवस्था ल्याउनुपरेको महेन्द्रको दाबी थियो । तत्कालीन अवस्थामा दलहरूले प्रजातन्त्रलाई आलोच्य बनाउन मलजल गरेकै हो, त्यसको फाइदा महेन्द्रले उठाए । यतिबेला पनि लोकतन्त्रलाई बदनाम गराउन दलहरूको झिनाझम्टीले काम गरिरहेको छ ।

राजनीतिक दलहरूले आफूलाई लोकतन्त्रको संवाहक भनिरहेका छन् । दलहरूकै नेतृत्व र जनताको साथले प्रजातन्त्र आएको हुँदा दलहरूको यो दाबीमा आंशिक सत्यता छ, तर प्रजातन्त्रका संवाहक हुँ भन्दैमा त्यसलाई कुरूप बनाउने अधिकार दलहरूलाई छैन । प्रजातन्त्र भनेको दलको जति हो, त्योभन्दा बढी जनताको सम्पत्ति हो । लोकतन्त्रको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने दलहरूका वर्तमानका क्रियाकलाप नै लोकतन्त्रको आलोचनाका लागि कारक हुनु चिन्ताको विषय हो ।

देश संघीय प्रणालीको अभ्यासमा छ, तर संघीयताप्रति आमजनताको असन्तुष्टि बढ्दो छ । संघ-प्रदेशबीचको क्षेत्राधिकारको विवाद र तीन तहका सरकारको बढ्दो खर्चले संघीयतामाथि हिलो छ्यापिरहेको छ । संघीयतामाथि उठेका विवाद र कमजोरीले आखिर संघीयता विरोधि शक्तिलाई नै फाइदा पुग्न सक्छ । राजनीतिक खिचातानीको दृश्यले सहिदहरूको बलिदानीलाई गिज्याइरहेको छ । ठूला भनिएका नेता आफ्नो अस्तित्व बचाउन चिन्तित छन् । देश र जनताको लागि गरिनुपर्ने चिन्तनको खँडेरी नै छ । गान्धी, मण्डेला, महाथिर, लिक्वान जस्ता सर्वस्वीकार्य नेताको यहाँ अभाव खड्किएको छ । सङ्क्रमणकालीन अवधिमा यस्ता नेता देशले खोजेको हुन्छ । तर यहाँ एकले अर्काको अस्तित्व कुनै पनि हालतमा स्वीकार नगर्ने मनोग्रन्थीको विकास भएको छ । राजनीति संस्कृति बन्नुको साटो विकृति बनेको छ । पर्दा बाहिर देखिने राजनीति र पर्दाभित्र देखिने राजनीतिबीच ठूलो खाडल छ । जनताको अपेक्षा एकातिर र परिणाम अर्कातिर छ । विपी कोइरालाको समाजवाद र मदन भण्डारीको जबज चुनावका एजेण्डामा मात्र सीमित छन् । वैकल्पिक बन्न खोजेका राजनीतिक शक्तिहरूले पनि छोटो समयमै निराशाका बीज छरेका छन् । पार्टीका दस्तावेज र चुनावी घोषणापत्रमा जनताको सबै अधिकार छन् तर व्यवहारमा कतै छैनन् ।

समावेशी लोकतन्त्र र लोकतान्त्रिक गणतन्त्रमा सर्वोच्चता जनताको हुनुपर्छ । सिद्धान्ततः यसलाई स्वीकारिए पनि व्यवहारतः नेताको सर्वोच्चता छ । त्यो पनि दुई/चार जना नेताको निर्णय समग्र जनताको निर्णय बन्छ । आफ्नो नाममा गरिएको अप्रजातान्त्रिक क्रियाकपलापको जनता निरिह दर्शक बनेका छन् । जनता चुनावमा सत्ता चढ्ने माध्यममा मात्र प्रयोग भएका छन् । राजनीतिमा लागेको विकृति विसंगतिको जालो हटाउन सकिएको छैन । राजनीति देशको चिन्तनको मियोमा घुम्नुपर्ने हो तर, नेताको भविष्यको चिन्ताको मियोमा घुमेको छ ।

सरकारको प्राथमिकताको काम मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु हो । तर, मानवअधिकारको सवाल सरकारको आँखामा परेको छैन । देशको समृद्धिको महल मानवअधिकारको जगमा मात्र सम्भव छ भन्ने कुरा राज्यका निकायले बुझ्न सकेनन् वा बुझाउन सकिएन । सुशासनका सवाल छायाँमा परेसम्म देशको उन्नति सम्भव छैन । देशभित्र स्वास्थ, शिक्षा, यातायात, आवासबाट वञ्चित हुनेको संख्या ठूलो छ । दलित अपाङ्ग, महिला, आदिवासी, मधेशी र विपन्न वर्गका अधिकारहरूको सुनिश्चितता संकुचनमा परेको छ । मानवअधिकारप्रति शब्दमा सम्मान भए पनि व्यावहारिक कार्यान्वयन छैन । मानवअधिकारमैत्री संविधान बने पनि यसको कार्यान्वयन पक्ष ज्यादै फितलो छ । विधिको शासनमाथि चुनौती छ । सरकार आफूले मानवअधिकारको उल्लंघन नगरेको हुँदा मानवअधिकारमैत्री छु भन्ने दाबी गर्छ । तर सरकारको दायित्व मानवअधिकार उल्लंघन नगर्नु मात्र होइन, मानवअधिकारको उपभोगको सुनिश्चित गर्नु पनि हो । नागरिका आर्थिक सामाजिक सांस्कृतिक अधिकारको सुनिश्चित छैन । नागरिकका यस्ता अधिकारहरू सरकार सुन्दैन, देख्दैन, बुझ्दैन । देशको बिग्रँदो अर्थतन्त्रले नागरिकको जनजीवनमा प्रत्यक्ष प्रभाव पारेको छ । देश नफर्कने कसम खाँदै हजारौं नागरिक दिनहुँ विदेसिदै मात्र छैनन्, देशप्रति वितृष्णा ओकलिरहेका छन् ।

संविधानले समावेशी लोकतन्त्रको परिकल्पना गरे पनि पछाडिको वर्गको सार्थक समावेशीकरण हुन सकेको छैन । राजनीतिकवृत्त सशक्तीकरणभन्दा आरक्षणमा बढी रमाउँदा समावेशी वर्गका पनि उही टाठाबाठा व्यक्ति नै राज्यसत्तामा पुग्छन् । दूरदराजमा विकास निर्माणका कार्यले तीव्रता पाउन सकेको छैन । वादी, राउटे, चेपाङजस्ता अति सीमान्तकृत वर्गका अधिकार राज्यका आँखाबाट निकै टाढा छन् ।

त्यसो त नेपालको लोकतन्त्र भनेको 'इदम् भ्रष्टम्, उदम भ्रष्टम्' को चित्रण होइन । आशलाग्दा विषय पनि छन् । लोकतन्त्र भनेको यति सुन्दर व्यवस्था हो, जहाँ लोकतन्त्रकै पनि आलोचना गर्न पाइन्छ । वर्तमानमा लोकतन्त्रप्रतिको असन्तुष्टि र आलोचना त्यसैको प्रतिविम्ब पनि हो । नागरिक अधिकारको सुनिश्चिता, मौलिक हकको व्यवस्था, अभिव्यक्ति स्वतन्त्रताको सम्मान, सरकारको आलोचना गर्ने पूर्ण स्वतन्त्रता, जननिर्वाचित व्यवस्थापिका, सक्षम र स्वतन्त्र न्यायपालिका, शक्ति सन्तुलनको उच्चतम् अभ्यास लोकतन्त्रका सबल पक्ष हुन् । जनताले आवधिक रूपमा सरकार निर्माण गर्न पाउनु र राज्य शक्तिको स्रोत जनता हुनु लोकतन्त्रको सुन्दरता हो । जननिर्वाचित सरकार संसद र जनताप्रति उत्तरदायी हुनुपर्ने व्यवस्थाका कारण नेपालको लोकतन्त्रलाई उन्नत लोकतन्त्र मान्नु पर्छ । नेपालको लोकतन्त्रको जग बलियो छ । भविष्यमा यो जगमा बलियो महल ठड्याउने सके लोकतन्त्र सुदृढ हुँदै जान्छ ।

नेपालको संविधान मानवअधिकारमैत्री छ । त्यसलाई इमानदारपूर्वक कार्यान्वयन मात्र गर्न सके पनि नागरिकका धेरै अधिकारहरू सुनिश्चित हुन्छन् । भौगोलिक रूपमा नेपाल चीन र भारत जस्ता महाशक्ति (राजनीतिक र आर्थिक दुवै रूपमा) राष्ट्रको बीचमा छ । विश्वका अन्य शक्ति मुलुकहरूको पनि नेपालमा ध्यान केन्द्रित हुन थालेको छ । नेपालले यस्ता शक्ति राष्ट्रहरूको चेपुवामा परेर खुम्चिने होइन, बरु सामरिक महत्वको भूमिको रूपमा ती देशहरूबाट आर्थिक तथा विकासका एजेण्डामा फाइदा लिन सक्नुपर्छ । त्यसो त आफ्नै देशकै स्रोत र साधनको सदुपयोग गर्न सके पनि देश धनी हुने कुरामा द्विविधा छैन । राजनीतिक दलहरू बिच मेलमिलाप र सहकार्यको संस्कार विकसित भए देश बन्न लामो समय लाग्दैन । मात्र दशक भए पुग्छ तर, साझा प्रयास आवश्यक छ । विगतमा राजनीतिक दलहरूले राजनीतिक एजेण्डामा गरेको सहकार्य र देखाएको अभूतपूर्व एकता देशको आर्थिक कायापलट गर्ने कुरामा पनि हुनुपर्छ । देश आर्थिक रूपमा सवल भए मात्र प्रजातन्त्र सबल हुन्छ । कागजी प्रजातन्त्रलाई सार्थक प्रजातन्त्रमा बदल्न देशको आर्थिक अनुहार बदल्नै पर्छ ।

लोकतन्त्रमा सम्भावना धेरै छन् । सम्भावनासँगै चुनौती पनि छन् । संविधान र कानूनको कार्यान्वयन गराउने चुनौती छ । विधिको शासन स्थापना गर्नु, सुशासन कायम गर्नु, भ्रष्टाचारको अन्त्य गर्नु, नागरिकलाई जिम्मेवार बनाउनु, राज्यका निकायलाई थप जिम्मेवार बनाउनु चुनौतीपूर्ण छ । विधिको शासनको सुनिश्चिता गर्न सके सुशासन कायम गर्ने निकै कठिन छ ।

नेपालका राजनीतिक दलहरूको प्रजातन्त्रप्रतिको निष्ठा ज्यादै प्रशंसनीय छ । प्रजातन्त्रको बहाली र यसको विकासमा दलहरूले खेलेको भूमिकालाई नजरअन्दाज गर्न मिल्दैन । तर, आर्थिक परिवर्तन गर्न नसकेको कुरा पनि अस्वीकार गर्न मिल्दैन । प्रजातन्त्र हामीले नै ल्याएकाले प्रजातन्त्र मेरै हो भनेर दलहरूले प्रजातन्त्रलाई पेवा ठान्न हुँदैन । प्रजातन्त्रको बहालीमा होस् वा यसको रक्षामा दलहरूले गरेको हरेक संघर्षमा जनताको साथ थियो छ र हुनेछ । प्रजातन्त्रका लागि जनताले गरेको बलिदानी र संघर्ष दलहरूले बिर्सने हो भने न दलको भविष्य हुन्छ, न त देशले नै मुहार फेर्छ । त्यसैले जनताको अपेक्षा पूरा गर्न दलहरू इमानदार हुनुपर्छ । दलीय व्यवस्थामा सरकार दलको हुने भएकाले दल इमानदार हुनु भनेकै सरकार इमानदार हुनु हो । राष्ट्र भनेको भूगोल मात्र होइन, व्यवस्था मात्र होइन, मूलतः जनता हो । त्यसैले जनताका अधिकारको सुनिश्चितत राज्यले गर्नैपर्छ ।

*(लेखक, राष्ट्रिय मानव अधिकार आयोगका सहसचिव एवम् प्रवक्ता हुन् ।)*

## सामाजिक सञ्जाल



**- डम्मर खतिवडा**

गठबन्धन नगरी टिक्न सकिन्न भन्ने लाग्नेले पार्टी एकता गर्नु । निर्वाचनपूर्वको गठबन्धन गरे पाँच वर्ष त्यही गठबन्धनमा बस्नु । गठबन्धन फेर्ने भए एक्लै चुनाव जितेर आउनु । कुनै एक गठबन्धनबाट चुनाव लड्नु र अर्को गठबन्धनबाट सरकार खानुजस्तो चुत्थो काम केही हैन, जो माओवादी र जसपाले गरे ।



**- मदन खरेल**

नेपाली अधिकांश युवाहरूको विदेशमोह भएको होइन, बरु बाध्यता हो राज्यसत्तालाई के राम्रोसँग थाहा छ भने आकर्षक आर्थिक आत्मनिर्भरताको ग्यारेन्टी स्वदेशमै गर्ने वातावरण अनुकुल बनाइदिए मात्र धेरै युवा विदेश जाँदैनन्, गएकाहरू पनि फर्किनेछन्, तर राज्य नै यसो गर्न किन चाहाँदैन यो सोचनीय छ ।



**- प्रदिप पौडेल**

त्रिभुवन विश्वविद्यालयमा खुला र पारदर्शी प्रतिस्पर्धाबाट भिसी नियुक्ति गर्ने सार्वजनिक प्रतिबद्धतालाई कर्मकाण्डी मात्रै बनाइयो । भित्रि नियतमा कुनै परिवर्तन देखिएन । नियुक्ति कसरी गरिएको हो ? त्यसको सम्पूर्ण प्रक्रियाका बारेमा आम नागरिकका सामु सार्वजनिक गरियोस् ।



**-डा. सुन्दरी पोखरेल**

पार्टी त्यो हो जसले एक्लै चुनाव लड्ने नैतिक शाहस राख्छ । कांग्रेसले चुनाव एक्लै लड्छुभन्दा माओवादीमा रुवाबासी छ । माओवादीले पनि एक्लै चुनाव लड्छु भनेर आँट गरे हुन्न ? सधैं कांग्रेस या एमालेमा जुका जसरी टाँसिएर माओवादी कति टिक्छ ? माओवादीको नाम फेरेर बिचौलिया राखे हुन्छ ।

# अस्थिर राजनीति र क्रान्तिकारीहरूको कार्यभार

विचार



● राजन तिमल्सिना

